

# यू.एम.एन. वार्षिक प्रतिवेदन, कपिलवस्तु २०७८ / २०७९

युनाईटेड मिसन टु नेपाल

UMN

रूपान्तरित नेपाली समाजमा सबैलाई प्रशस्तताको जीवन



## मिनाको मनको कुरा

– मिना रैदास

कपिलबस्तु जिल्लाको यशोधरा गाउँपालिका २ भावपुरकी दलित समुदायकी मिना रैदास घरधन्दा र ज्याला मजदुरी गर्ने गर्थिन् . उनको ज्याला पनि श्रीमानको नै नियन्त्रणमा हुन्थ्यो जसले गर्दा घरको पैसा लगायत अन्य सवालको निर्णयमा उनको सहभागिता हुदैनथ्यो । प्रायजसो घरायसी काममै ब्यस्त रहने मीनाको कुरा कसैले सुन्थेनन् ।

२०७५ सालमा दलित सामाजिक बिकास केन्द्र तथा यू.एम.एनको सयुक्त साझेदारीमा संचालित जीवन सुधार (SECURE) परियोजनाले भावपुरगाउँमा समुदायको भेलाबाट मनकामना आत्मनिर्भर समुह गठन भयो जसमा मीनालाई पनि सदस्यको रुपमा राखियो । समुहको नियमित बैठकमा समाजमा भएको कुरीति, महिला माथिका सामाजिक बाधाहरू, महिला अधिकार, तथा राज्यबाट पाउने सेवा सुविधा को बारेमा छलफलहरूमा सहभागी हुन पाउँदा मीनालाई अर्कै दुनियामा पुगे जस्तै हुन्थ्यो ।

महिला अधिकार तथा सामाजिक कुरीति बारे यसरी कहिल्यै कुरा गर्न नपाएकी मीनाले समुहमा यस्ता बिषयमा छलफल हुँदा धेरै उत्साहित हुन्थिन् र प्रश्नहरू समेत गर्थिन् जसले गर्दा उनलाई समुहका अन्य सदस्यहरूले अझ सम्मान गर्न थाले । राज्य बाट प्रदान गर्ने सार्वजनिक सेवाहरू बारे अझ बुझ्न उनले जनप्रतिनिधि तथा कर्मचारी हरू संग समेत थप जानकारी लिन थालिन् जसले गर्दा उनलाई पालिका बाट प्राप्त हुन सक्ने धेरै सुबिधा र उनि जस्तै महिलाहरू समेत पालिका र वडाको निर्णय प्रक्रियामा सहभागी हुन सक्ने सम्भावना बारे समेत उनले थाहा पाइन् ।

अब भने उनि बिस्तारै आफ्नो समुहको पहल र सस्था समेतको सहयोगमा वडा तथा स्वास्थ्य सस्थामा पाइने सेवा सुविधाका बारेमा बेला बेलामा समुहका अन्य सदस्यहरूको लागी वडा तथा स्वास्थ्य संस्थामा गएर कुरा गर्न थालिन् । उनले वडाबाट घास तथा तरकारीको बीउ माग गरि समहका अन्य सदस्यहरूलाई उपलब्ध गराउन सफल भए पश्चात भने उनलाई समुहका सदस्यहरूले नेता भन्न थाले । मीनाको सबैलाई सहयोग गर्ने र बोल्ने बानीले गर्दा नै राजनीतिक दलका स्थानीय नेताहरूले उनलाई पार्टीमा प्रवेश गराउन इच्छुक भए ।

मिनाले समुदायमा गरेको सहयोग र सक्रियताको फलस्वरूप स्थानीय चुनाब २०७९ को स्थानीय चुनाबमा उनि दलित महिला सदस्यको रुपमा निर्वाचित भइन् । चुनाब जितिसके पछी मिनले जीवन सुधार परियोजनाको आत्मनिर्भर समूहमा सिकेको ज्ञान र धेरै महिला दिदि बहिनि संगको संगतको कारण आफ्नो लगन र मेहनत सफल भएको र जनप्रतिनिधि समेत बन्न सफल भएको मा उनीले आत्मनिर्भर समुह र सम्पूर्ण दिदि बहिनिलाई धेरै धन्यवाद दिईन् ।


उहिले मनको कुरा राख्न समेत धक मान्ने मीना अहिले उनि जस्तै धेरै महिला दिदि बहिनीहरू लगायत सम्पूर्ण वडाको हितको बारेमा सोंच्ने, निर्णय गर्ने र आफ्नो समुदायको सवाल र समस्याहरू गाउँ पालिका सम्म पुर्याउन सक्ने भएकी छिन् ।



**रुप कुमार बिक**
क्लष्टर टीम लिडर
कपिलवस्तु क्लष्टर

यूनाइटेड मिसन टु नेपालको कपिलबस्तु क्लस्टरको लागि आर्थिक बर्ष २०७७/७८ विशेषगरी बिश्वव्यापी महामारीको रुपमा रहेको कोभिड १९ को प्रतिकार्यगर्न तथा उक्त बिपत्ति केहि मत्थर भए पश्चात नियमित बिकासका परियोजनाहरूमा स्थानान्तरण बर्षको रुपमा रह्यो । कोभिड महामारीबाट प्रभावित समुदायहरू लाई महामारीबाट कसरी सुरक्षित रहने देखि अस्तव्यस्त रहेको बजारलाई सुचारु गर्ने तथा सार्वजनिक सेवा प्रवाह लाई महामारीको समय र त्यसपछि पनि सुलभ रुपमा स्वास्थ्य लगायतका अत्यावश्यक सार्वजनिक सेवा प्रवाह सुचारु राख्नको लागि नागरिक लाई सुसुचित गर्ने तथा स्थानीय सरकारको जवाफदेहीता र क्षमता वृद्धि गर्नमा यू.एम.एन. कपिलबस्तुको महत्वपूर्ण भूमिका रह्यो । यसबाहेक शिक्षा, जीविकोपार्जन, सशक्तिकरण, अपांगता, तथा मानसिक स्वास्थ्यमा समेत यस क्लस्टरबाट यो आर्थिक बर्षमा परियोजनाहरू संचालन गरियो ।

कोभिड महामारीमा जिल्ला सदरमुकामका अस्पतालहरूमा उपकरण सहयोग रहेता पनि बिशेषगरी अन्य परियोजना गतिबिधिहरू यशोधरा र मायादेवी गाउँपालिकामा नै केन्द्रित रहेका थिए । उक्त गाउँपालिकाहरूमा परियोजना संचालन गर्न अग्रपंक्तिमा रहेर भूमिका निर्वाह गर्ने साझेदार संस्थाहरू दलित सामाजिक बिकास केन्द्र र सनसाइन सामाजिक बिकास केन्द्रका सम्पूर्ण कर्मचारीहरू, दुवै गाउँपालिकाका प्रतिनिधि तथा कर्मचारी ज्यूहरू, जिल्ला स्थित बिषयगत निकायहरू र सम्पूर्ण दातृ निकायहरूको अमुल्य योगदानको यू.एम.एन. कपिलबस्तु उच्च मुल्यांकन गर्दछ ।




**परिवर्तनका लागि बालबालिका, युवा र समुदाय परियोजना**ले सेप्टम्बर २०१९ देखि मायादेवी गाउँपालिकामा गुणस्तर शिक्षाको लागि १३ ओटा बिद्यालयको सुधार र बिकास योजना बनाई बिद्यालय स्तरिय बालक्लव तथा बालसंरक्षण समिति गठन र परिचालन गरि उक्त बिद्यालयहरूका बालबिकास केन्द्र देखि कक्षा ३ सम्मका ५४ ओटा कोठाहरू वालमैत्री कोठा व्यवस्थापनका लागि रु ६५ लाख वरावरको सामग्री सहयोग गरेको छ । परियोजनामा पालिकाको सबै वडाहरूका बालसंरक्षण समितिहरू पुर्नगठनहुँदै १६५० बालबालिकाहरू बाल साझेदारको रुपमा रहेका छन् । आर्थिक र सामाजिक रुपले पछाडी परेका ७६ वस्तीहरूका १४७७ जना महिलाहरूलाई परियोजनाले ७१ आत्म निर्भर समूहमा संगठित गरि पाक्षिक रुपमा बैठक बसाई सामाजिक तथा आर्थिक सवालहरूमाथि छलफल गर्दै, योजना बनाउँदै राज्यका सेवा सुविधाहरूमा पहुँच बढाउन सक्षम बनाएको छ।

**कोभिड प्रतिकार्यको लागि स्वास्थ्य प्रणाली सुधार परियोजना (IHS)** जुन २०२१ देखि मायादेवी गाउँपालिकाको स्वास्थ्य संस्थाहरू तथा कपिलबस्तुको जिल्ला अस्पताललाई कोभिड प्रतिकार्य गर्न, उच्च गुणस्तरको बिरामी हेरचाह गर्न तथा आवश्यक स्वास्थ्य सेवा प्रवाह गर्न चिकित्सकीय उपकरण र क्षमता अभिवृद्धिमा सहयोग गरिरहेको छ ।

डिसेम्बर २०२२ सम्म रहेको यो परियोजनाले फुलिका स्वास्थ्य चौकीमा बाल तथा अपाङ्गतामैत्री हात धुने स्टेशन, बिजुवा स्वास्थ्य चौकीमा प्लेसेन्टा पिट निर्माण गर्नुको साथै आठ जना अपांगता भएका व्यक्तिहरूलाई श्रवण यन्त्र र एक्सिलरी क्रच जस्ता सहायक सामग्रीहरू प्रदान गरेको छ। परियोजनाले ३२४ जना जोखिममा परेका अपाङ्गता भएका तथा गर्भवती र सुत्केरी महिलाहरू स्वच्छता किटहरू प्रदान गर्दै कोभिड-१९ रोकथाम तथा खोप लगाउने बारे समेत सचेतना जगाउँदै आईरहेको छ ।

**जीवन सुधार परियोजना (SECURE)** ले जून २०१८ देखि यशोधरा गाउँपालिकाको वडा नम्बर १, २, र ३ मा सामाजिक र आर्थिक सशक्तिकरण तथा वातावरणीय संरक्षण गर्दै दिगो बिकासमा टेवा पुऱ्याईराखेको छ। तिनै वडाका ३२ आत्मनिर्भर समूहका २५४ सदस्यहरूले जिल्ला कृषि ज्ञान केन्द्र र स्थानीय सरकारको कृषि एकाइबाट सामग्री सहयोग प्राप्त गरेका छन् । परियोजनाको पहलमा एउटा निजि डेरीले किसानले तिर्ने बिमाको प्रिमियम मा ५०% नगद अनुदानको व्यस्था सुरु गरेको छ । परियोजना अन्तर्गतका ३१४ कृषि र गैरकृषि व्यवसायी मार्फत समुदायमा रु १,१४,८६,८१५ नगद प्रबाह भएको छ भएको छ ।

बातावरण संरक्षणमा समेत सक्रिय यो परियोजनाले ८ पोखरीहरू निरन्तर संरक्षण गर्दै सार्बजनिक स्थानहरूमा करिब २५०० जति बृक्षारोपण गर्नुका साथै ६ वटा बिद्यालय तथा मर्दसाहरूमा विपद् जोखिम न्यूनिकरण योजना परिमार्जन समेत गरेको छ ।

**कोभिड १९ प्रभावित समुदायको आर्थिक पुनरुत्थान परियोजना (RECOV)** जुन २०२१ देखि मायादेवी र यशोधरा गाउँपालिकाहरूमा महामारीको कारण आर्थिक उपार्जन गुमाउनु भएका समुदाय र बजारलाई पुनरुत्थान गर्न संचालन गरिएको हो । परियोजनाले तरकारी र पशुपालन उपक्षेत्र मार्फत दुवै पालिकाका किसानहरूलाई सहयोग गरेको छ । महामारीको बेलामा गर्भवती, सुत्केरी, अपाङ्गता भएका, एकल तथा वृद्ध २०० महिलाहरूलाई परियोजनाले खाद्यान्न राहत सहायता पनि गरेको थियो ।

परियोजनाले दुवै पालिकाका ७६ किसानहरूलाई सुधारिएको बाली उत्पादन, ५६ कृषकहरूलाई गोठसुधार साथै २ कृषक लाई बाखापालनमा सहयोग गरेको छ । आयोजना क्षेत्रमा १६ वटा ट्युबवेल जडान गर्दा करिब ३२ हेक्टर सिँचाइयोग्य जमिन बढेको छ । कुल ८० किसान (६९ महिला) वित्तीय संस्था र बीमा सेवा प्रदायकहरूसँग जोडिएका छन् । परियोजनाबाट व्यवसायिक तालिम लिएका १५ जनाले बिभिन्न साना व्यवसायहरू सुरु गरेका छन् ।

## प्रमुख उपलब्धीहरू

- **८** पोखरा संरक्षण तथा पुर्नस्थापना
- **२२४३** घरधुरी बिउबिजन सहयोग
- **५३** कक्षाकोठा बालमैत्री बनाउन सामग्री सहयोग
- **२५** पम्प सेट वितरण
- **१६८** आत्मनिर्भर समूह संचालन
- **९२** गैर कृषि व्यवसाय स्थापना सहयोग
- **१३३** कृषि व्यवसाय स्थापना सहयोग
- **२६** अपाङ्गता भएका व्यक्तिहरूलाई उपचार सहयोग
- **४४** हेक्टर जग्गा सिंचित
- **१७** स्वास्थ्य संस्थामा उपकरण सहयोग
- **२७०** जन क्षमता विकास तालिम
- **३३** स्वास्थ्यकर्मीलाई मानसिक स्वास्थ्यमा तालिम

**हाम्रो पहुच (Our Access) परियोजना** सन् २०१८ देखी जुन २०२२ सम्म महिला तथा बालबालिकाहरूलाइ सामाजिक, आर्थिक र राजनीतिक रुपमा सशक्त र सक्षम बनाउने उदेश्यले यशोधरा गाउँपालिकाको वडा नं. ४ देखी ८ सम्म संचालनमा रहेको छ। परियोजनाले १२३४ महिलाहरूलाई ६४ वटा आत्म निर्भर समूहहरूमा आवद्ध गराई समुको सामूहिक लक्ष र सदस्यहरूको व्यक्तिगत लक्ष्य निर्धारण गराएको छ। लगभग ९८ प्रतिशत सदस्यहरूले नियमित रुपमा साप्ताहिक र बिषेश बचत गरेकोले बचत रु. २३,९१,८१५/- पुगेको छ जसलाई आवश्यकता अनुसार व्यवसाय गर्न ऋणको रुपमा पनि परिचालन गरिएको छ। परिवारमा महिलाहरूलाई आत्म सम्मानको वातावरण सृजना भएको तथा घरायसी निर्णय प्रक्रिया र सामुदायिक संरचनाहरूमा महिलाहरूको सहभागिता बृद्धि हुनु परियोजनाको उल्लेख्य उपलब्धि हो ।

**समुदायमा आधारित पुनर्स्थापना (CBR) परियोजना**ले यशोधरा गाउँपालिका वडा न ४, ५, ६ र ७ मा सन २०१६ देखि अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य, शिक्षा, सशक्तिकरण र जिविकोपार्जनका साथै चेतना अभिवृद्धि गरी समावेशी वातावरण निर्माण गर्न सहयोग पुऱ्याएको छ । सन् २०२२ को जुलाईसम्म रहेको परियोजनाले यो वर्ष २६ जनालाई प्राथमिक चिकित्सकिय कसरत र ७ जनालाइ रिफरल सहयोग गरि उनीहरूको जीवन सहज बनाउनुको साथै चारवटा वडा र एउटा पालिका स्तरिय सञ्जालका २७० जना अपाङ्गता भएका व्यक्तिहरू र तिनका परिवारहरू मार्फत समुदायमा अपाङ्गताको बारेको दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउन सफल भएको छ ।

परियोजना मार्फत १४ वटा विद्यालयका २८ जना शिक्षक तथा व्यवस्थापन समितिलाई समावेशी शिक्षा सम्बन्धि क्षमता बढाए पश्चात ७१ जना अपाङ्गता भएका बालबालिकाहरू नियमित विद्यालय गइरहेका छन् ।

**शान्तिका लागि स्थानिय क्षमता (LCP) परियोजना** मायादेवी गाउँपालिका वडा नं ४ मा सन् २०२१ अप्रिल देखि समुदायमा युवा धार्मिक तथा सामाजिक नेता र महिलाहरूको क्षमता विकास गर्दै सामाजिक सहिष्णुणता र सद्भावनामा वृद्धि गरी दिगो शान्ति स्थापना गर्ने उद्देश्यले सञ्चालन भइरहेको छ । परियोजना अन्तर्गत वडा नं ४ मा २१ जना हिन्दु र मुस्लिम समुदायका किशोर किशोरीहरूको सक्रियताले सामाजिक नकारात्मक अभ्यास बाल विवाह दाइजो र घरेलु हिंसा क्रमश न्यूनिकरण हुँदै सामाजिक मेलमिलाप बढेको छ ।

**मानसिक स्वास्थ्य परियोजना** सन् २०२२ को जनवरी बाट यशोधरा र मायादेवी गाउँपालिकामा संचालित मानसिक स्वास्थ्य परियोजना ले समुदायमा आधारित संयन्त्रलाई सुदृढ गर्दै स्थानीय स्वास्थ्य संस्थाहरूमा मानसिक स्वास्थ्य रोकथाम र उपचारमा पहुँच बढाउँदै जोखिममा परेका समुदायहरूको मानसिक स्वास्थ्य र मनोसामाजिक अवस्थामा सुधार ल्याउन मद्दत गरिरहेको छ । यस परियोजनाले मानसिक स्वास्थ्य समस्याबाट प्रभावित भेदभाव र दुर्व्यवहार समेत अनुभव गरिरहेका व्यक्तिहरूको व्यावहारिक आवश्यकताहरू पूरा गर्न र महिला विरुद्ध हिंसा सम्बन्धी सामाजिक मान्यताहरू समेत परिवर्तन गर्न विभिन्न संयन्त्रहरू मार्फत काम गरिरहेको छ।

**क्रस कटिंग (लैंगिकता, बातावरण तथा मौसम परिवर्तन, द्वन्द्व सम्बेदनशिलता र अपाङ्गता)** हरेक परियोजनामा क्रस कटिंग लाई समावेश गर्ने संस्थाको रणनीति अनुरुप यस परियोजनाले यू.एम.एन. कपिलबस्तु क्लस्टर मार्फतका सबै परियोजनाहरूमा लैंगिक समानता, वातावरण मैत्री, द्वन्द्व संबेदनशील र अपाङ्गता भएका व्यक्तिहरुको सरोकारलाई समेत सम्बोधन गर्दै परियोजनाहरूको उपलब्धिलाई अझ दिगो बनाउन सहयोग गरिरहेको छ ।

**संस्थागत बिकास** यू.एम.एन. र साझेदार संस्थाहरुको सुशासन, संस्थागत बिकास, र क्षमता अभिवृद्धि गर्नको लागि यस परियोजनाले सहयोग गरिरहेको छ । बिशेषत संस्थाको स्वलेखाजोखा, सामाजिक परिक्षण, नीति नियम निर्माण तथा परिमार्जन मार्फत साझेदार संस्थाहरुको क्षमता अभिवृद्धि गर्दै आईरहेको छ।

**कपिलवस्तु**




## गतिविधि


पकडी स्वास्थ्य चौकीमा बिरामी जाँच हुँदै


अन्तराष्ट्रिय शान्ति दिवसको उपलक्ष्यमा युवाहरूद्वारा मायादेवी वडा नं.४ मा सडक नाटक प्रस्तुत गर्दै


मायादेवी गाउँपालिका, बरोहियाका तरकारी संकलक तरकारी बिक्रि गर्दै


यशोधरा गाउँपालिका धामीझाक्रीहरूलाई मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखीकरण गराउँदै


श्रवण शक्ति कमजोर भएका रामधोनी आय आर्जन तालिम तथा सहयोग पश्चात आफ्नो व्यवसाय संचालन गर्दै


मायादेवी गाउँपालिकामा रहेका आत्मनिर्भर महिला समूहका सदस्यहरू समुदाय बिकासको बारेमा छलफल गर्दै

**साझेदार संस्थाहरू**

सन्साईन सामाजिक विकास संस्था

दलित सामाजिक विकास केन्द्र

**तपाईंको गुनासो वा पृष्ठपोषणको हामी सहृदय जवाफ दिनेछौं साथै तपाईंको परिचय गोप्य राख्नेछौं ।**

**हामीलाई सुझाव पेटिकामा सुझाव पत्र, ईमेल, कुराकानी वा फोन मध्ये कुनै पनि माध्यमवाट दिन सक्नु हुन्छ ।**

**यू.एम.एन. केन्द्रीय कार्यालय, पोष्ट बक्स नं. १२६, काठमाडौं,**
**१६६००१२८११८ (नि:शुल्क फोन नं.)**
**९८४७३८७०३०, ९८६४४५११४१**
**feedback@umn.org.np**
**feedback.kv@umn.org.np**
**www.umn.org.np/feedback**

यू.एम.एन. कपिलवस्तु क्लष्टर | कपिलवस्तु नगरपालिका, वडा नं. ३ | भिक्षु चोक, तौलिहवा, कपिलवस्तु
फोन नं. ७६ ५६०३४० | kapilvastu@umn.org.np | www.umn.org.np